बुढानीलकण्ठ नगरपालिका
बुढानीलकण्ठ नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड :- ६** **सङ्ख्या :-६** **मिति :- २०८०।०५।१३**

**भाग-२**

## विषयगत विभाग गठन र सञ्चालन कार्यविधि, २०८०

### १. प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११( २) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम कर्तव्य र अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको मिति २०८०।५।१० को बैठकले विषयगत विभागको गठन र सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरेको छ।

### २. परिभाषा

विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **नगरपालिका** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ।

(ख) **शिक्षा तथा खेलकुद महाशाखा** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको शिक्षा तथा खेलकुद महाशाखा जनाउने छ।

(ग) **विभाग** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठन हुने विभागलाई जनाउने छ।

(घ) **शिक्षक** भन्नाले विषयगत विभागमा आवद्ध बुढानीलकण्ठ नगरपालिकाअन्तर्गतका विद्यालयका शिक्षक जनाउने छ।

(ङ) **कार्यविधि** भन्नाले विषयगत विभाग गठन र सञ्चालन कार्यविधि, २०८० लाई जनाउने छ।

### ३. विषयगत विभाग गठनको उद्देश्य

**नगरपालिका क्षेत्र भित्रका विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका सन्दर्भमा शिक्षकमा**

(क) पेशागत सिप विकास गर्ने,

(ख) पेशागत उत्प्रेणणा र आत्म गौरव विकास गर्ने,

(ग) जिम्मेवारी र जबाफदेहिता विकास गर्ने,

**४ विषय विभाग गठन**

(१) नगरपालिका शिक्षा तथा खेलकुद महाशाखाले नगरपालिका क्षेत्रका विद्यालयका शिक्षकहरूबाट निम्नानुसार विषयगत विभाग गठन गर्ने छ ।

(क) नेपाली
(ख) अङ्ग्रेजी
(ग) सामाजिक
(घ) गणित
(ङ )विज्ञान र वातावरण
(च) लेखा
(छ) वालविकास
(ज) अतिरिक्त क्रियाकलाप

(२) महाशाखाले आवश्यकताअनुसार विभागको सङ्ख्या थप घट गर्न सक्ने छ र विषयगत विभागमा सात देखि नौ जना सदस्य रहने छन् ।

(३) विभागका लागि सदस्य छनौट गर्दा निम्नानुसार छनौट गरिने छ ;

(क) सामुदायिक विद्यालयका माध्यमिक शिक्षक बढीमा ४ जना

(ख) सामुदायिक विद्यलयका आधारभूत तहका शिक्षक बढीमा २ जना

(ग) संस्थागत विद्यालयका माध्यमिक शिक्षक बढीमा ३ जना

(४) हरेक विभागमा कुल सदस्यको एक तिहाई महिला शिक्षक छनौट गरिने छ ।

(५) विभागका लागि शिक्षक छनौट गर्दा योग्यता दक्षता र क्रियशिलताका आधारमा छनौट गरिने छ ।

(६) समान स्तरका शिक्षकहरूबाट छनौट गर्नुपर्ने अवस्थामा जनजाती अल्पसङ्ख्यक भाषाभाषी दलित समुदायमा र अपाङ्गता भएका शिक्षकलाई प्राथमिकता दिइनेछ ।

(७) विभागमा मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ कार्यकाल पुरा भएका सदस्य पूर्ण मनोनित हुन सक्नेछन् ।

(८) विषयगत विभागमा छानिएका शिक्षकमा अपेक्षित क्रियशिलता नदेखिएको अवस्थामा सम्बन्धित विभागको सिफारिसमा महाशाखाले सदस्यको फेरबदल गर्न सक्ने छ ।

(९) नगरपालिका क्षेत्रका विद्यालयमा एउटा विषयका तीन जना वा सो भन्दा बढी शिक्षक भएमा विद्यालयले विषयगत समिति गठन गरी यस समितिमार्फत् विषयगत क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ ।

**५ .विषयगत विभाग सञ्चालन प्रक्रिया**

(१) विभागमा छनोट भएका सदस्य मध्ये वरिष्ठ सदस्यले विभागको संयोजकको भूमिका निर्वाह गर्ने छन् । विभागको सर्वसम्मत निर्णयमा संयोजकमा आलोपालोको व्यवस्था गर्न पनि सकिने छ।

(२) विभागका संयोजकले महाशाखासँग सम्पर्क र समन्वयको काम गर्ने छन् ।

(३) सयोजकले विभागको बैठक आह्वन र बैठकको अध्यक्षता गर्ने छन् ।

(४) विभागका बैठकमा सामान्यत सर्व सम्मत प्रक्रियाबाट निर्णय गरिने छ । यसो हुन नसके मात्र बहुमतको निर्णय मान्य हुने छ ।

(५) सञ्चार प्रविधिका माध्यमले बैठक बसेका अवस्थामा सयोजकले निर्णय प्रमाणित गरेर राख्ने छन् ।

(६) बैठकले सदस्यहरूमा कामको जिम्मेवारी बाँडफाड गरेर विभागको कार्य व्यवस्थापन गर्नेछ ।

(७) विभागले गर्नुपर्ने कामका सन्दर्भमा महाशाखाको निर्देशकको पालना गर्नु पर्ने ।

**६. विषयगत विभागले गर्ने कामका क्षेत्र**

(क) शिक्षण सिकाईमा पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका र शिक्षक स्रोत सामाग्रीको उपयोग र व्याख्या विश्लेषण

शिक्षक सिकाईमा विद्यर्थी केन्द्रित शिक्षण सिकाइ विधि र प्रक्रियाको प्रयोग

(ग) शिक्षण सिकाइमा शैक्षिक सामाग्री र सूचना तथा सञ्चार प्रविधिको प्रयोग

(घ) विध्यार्थी मूल्यङ्कन प्रश्नपत्र निर्माण निरन्तर मूल्याङ्कन प्रणाली लेटर ग्रेडिङ

(ङ) कक्षा व्यवस्थापन

(च) समाहित शिक्षा

(छ) शिक्षक विद्यार्थीसँगको छलफलबाट आवश्यक देखिएका अन्य क्षेत्र

(७) विभागले गर्ने कामको प्रक्रिया

विभागले मातहतका शिक्षकहरूलाई जागरुक र क्रियाशिल गराउँदै पेशागत सिप र दक्षता अभिवृद्धिका लागि निम्न कार्य प्रक्रिया अपनाउने छन्:

क) सहकर्मी शिक्षकबाट सिक्न प्रेरित गर्ने

ख) नव प्रवेशी शिक्षकलाई अनुभवि शिक्षकबाट मेनटरिङ गर्ने परिपाटी स्थापित गर्ने,

ग) सिकाईका लागि सहकर्मी शिक्षकको कक्षा अवलोकन गर्ने र पृष्ठपोषण आदन प्रदान गर्ने परिपाटी स्थापित गर्ने,

घ) सहकर्मी शिक्षक बिचमा अनुभव र सिकाई आदानप्रदानका लागि विषय शिक्षकहरूको सञ्जालको निर्माण र उपयोग गर्ने

ङ) शिक्षकहरूलाई निरन्तर सिकाईका लागि स्व-अध्ययत र कार्य मुलक अनुसन्धान गर्न प्रेरित गर्ने

## ८. विभागको काम र जिम्मेवारी

### (१) शिक्षक मेन्टोरिङ पद्दतिको बिकास

क) हरेक विभागले नव प्रबेशि र पेशागत सहयोग माग गर्ने शिक्षककालागि विभागका सदस्य वा पायकको विद्यालयका सम्बन्धित विषयका अनुभवि शिक्षकलाई मेन्टोरिङ गर्न अनुरोध गर्नेछ।

ख) मेन्टोरिङ गर्ने शिक्षकले मेन्टोरिङ गरिने शिक्षकको न्युनतम तीन वटा कक्षा अबलोकन गर्नेछ।

ग) मेन्टोरिङ गर्ने शिक्षकले कक्षा अवलोकन, फेस टु फेस भेटघाट र सञ्चार प्रबिधि मार्फत हुने कुराकानीबाट मेन्टोरिङ गरिने शिक्षकका पेशागत समस्या ठम्याएर आवश्यक सल्लाह दिनेछन्।

घ) एक शिक्षकका लागि मेन्टोरिङको अवधि एक बर्षको हुनेछ।

ङ) मेन्टोरिङमा सहभागि दुबै शिक्षकले मेन्टोरिङका गतिबिधीका बारेमा विषयगत विभागलाई जानकारी गराउनु पर्नेछ।

### (२) सञ्जाल निर्माण र परिचालन

क) हरेक विभागले सञ्चार प्रविधिको उपयोग गरी विषयगत शिक्षकहरूको सञ्जाल स्थापना र सञ्चालन गर्नेछन्।

ख) सम्बद्ध विभागले सञ्जालमा संलग्न शिक्षकहरूलाई लिखित वा मौखिक माध्यमले उनीहरूको पेशागत समस्या र सिकाई अनुभव राख्न प्रेरित गर्नेछन्।

ग) सञ्जालमा पेश भएका समस्यामध्ये धेरै शिक्षकहरूले उठाएका साझा समस्यालाई सञ्जालको बैठकमा छलफलको विषय बनाइनेछ।

घ) हरेक विभागले सञ्जालमा आबद्ध शिक्षकहरूको सहभागितमा एक बर्षमा कम्तिमा ६ वटा बैठक आयोजना गर्नुपर्नेछ।

ङ) विभागले बैठकमा सम्भव भएका विज्ञलाई सहभागी गराउन सक्नेछन्।

च) विभागले बैठकको छलफलबाट आएका निष्कर्ष सञ्जालको लिङ्कमा  राख्नुपर्नेछ।

## (३)  कक्ष अवलोकन र पृष्ठपोषण दिइने पद्दतिको विकास

क) विभागले मातहतका सबै विषय शिक्षकलाई बर्षमा न्यूनतम दुई वटा कक्ष अवलोकन गरेर कक्षा सञ्चालन गर्ने शिक्षकलाई पृष्ठ पोषण प्रदान गर्न प्रेरित गर्नेछन् ।

ख) अवलोकन गरिने कक्षा सम्बन्धित शिक्षकको विषय र तह मिल्दो हुनु पर्नेछ ।

ग) कक्षा अवलोकन गर्ने शिक्षकले नगरपालिका क्षेत्रका कुनै पनि विद्यालयमा सम्पर्क गरेर कक्षा अवलोकन  गर्न सक्नेछन् । यस कार्यमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक र विषय विभागले सहजिकरण गरिदिनेछन् ।

घ) कक्षा अवलोकन गर्ने शिक्षकले पाएको अनुभव सम्बन्धित शिक्षकलाई जानकारी गराउने र त्यस्तो अनुभव सञ्जालको लिङ्क मार्फत विषय विभाग र सहकर्मी शिक्षकहरूलाई पनि जानकारी गराउनु पर्नेछ ।

## (४)  नमुना शिक्षण

क) विषयगत विभागले सम्बन्धित विषयको शिक्षणमा दखल भएका शिक्षकलाई नमुना शिक्षण गर्न लगाएर सञ्जालमा लाइभ प्रशारण गर्ने वा लिङ्कमा भिडियो राख्न लगाउने छन् ।

ख) विभागसँग आवद्ध प्रत्येक शिक्षकलाई वर्षमा एउटा कक्षाको शिक्षण कार्यको भिडीयो खिचेर सञ्चालनको लिङ्ङ्कमा राख्न प्रेरित गरिनेछ ।

## (५)  कार्यमुलक अनुसन्धान

क) विषयगत विभागले मातहतका शिक्षकहरूलाई शिक्षण सिकाईका विभिन्न प्रक्रिया तथा शिक्षण सिकाईमा उपयोग गरिने सामग्रीको प्रयोगको प्रभावकारिता जस्ता विषयमा कार्यमुलक अनुसन्धान गर्न अभिमुखिकरण गर्नेछन् ।

ख) शिक्षकले अनुसन्धान नतिजा सहितको प्रतिवेदन तयार गरी सिकाई आदानप्रदानका लागि सञ्जालको लिङ्कमा राख्नुपर्नेछ ।

ग) सम्बद्ध विभागहरूले अनुसन्धान प्रतिवेदन समेतका आधारमा विषय शिक्षण सिकाईका उत्तम बिधि र प्रक्रिया निर्धारण गर्ने छन् ।

## (६)  मोडुलर तालिम आयोजना

क) विषयगत विभागले अन्तर्गतका शिक्षकका लागि एक शैक्षिक बोर्डका लागि कम्तिमा एक पटक दुई दिने मोडुलर तालिम आयोजना गर्नेछन् ।

ख) तालिम सञ्चालन पूर्व विभागका सदस्यहरूले कक्षा अवलोकन र शिक्षक बिद्यार्थीको राय संकलन गरेर विषयगत समस्या र आवश्यकता पहिचान गर्नुपर्नेछ ।

ग) यस्तो तालिमका लागि योग्य प्रशिक्षकको छनौट गरिनेछ।

घ) तालिम भएको एक महिना पछि तालिमका प्रभावकारिताको बारेमा विषय शिक्षकहरूका बिचमा छलफल गरिनेछ।

**(७) अध्ययन भ्रमणको आयोजना**

क) विभागले मातहतका शिक्षकहरूलाई हेरेर सिक्ने अवसरका लागि देश भित्र र देश बाहिरका नमुना विद्यालयहरू र विषयगत आवश्यकताका आधारमा ऐतिहासिक, पुरातात्विक स्थल, सरकारी निकाय, संस्था, औधोगिक क्षेत्रको अध्ययन भ्रमणको आयोजना गर्न सक्नेछन।

ख) यस्ता अध्ययन भ्रमणमा विद्यार्थीलाई पनि समावेश गराउन सकिनेछ।

ग) अध्ययन भ्रमणका क्षेत्रमा सूचना लिने दिने र अन्तर्क्रियाको व्यवस्थापन गर्नुपर्नेछ।

घ) अध्ययन भ्रमण पछि भ्रमणको उपलब्धिको बारेमा भ्रमणमा संलग्न शिक्षकहरू बिचमा छलफल गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

**(८) बर्ष शिक्षक छनौट**

क) हरेक विभागले मातहतका विषय शिक्षकका वर्ष भरिका गतिबिधी शिक्षकले सिकाईका लागि गरेका प्रयास अन्य शिक्षकलाई गरेको सहयोग निजको कक्षामा आएको सुधार र विद्यार्थीको शैक्षिक उपलब्धिका आधारमा तीन जना वर्ष शिक्षक छनौट गर्नेछन।

ख) विभागले वर्ष शिक्षक छनौटका लागि दफा ८ (८) (क) का आधारलाई बिस्तृत गर्न र थप आधार निर्धारण गर्न सक्नेछन।

ग) वर्ष शिक्षकको छनौट नयाँ शैक्षिक सत्रको दुई महिना भित्र गरिसक्नुपर्नेछ।

**(९) नमुना विद्यालय छनौट**

क) विषयगत विभागले नगरपालिका क्षेत्रका विद्यालय मध्येबाट सम्बन्धित विषयको नमुना विद्यालय छनौट गर्नेछन्।

ख) नमुना विद्यालय छनौट गर्दा विद्यालयको भौतिक पुर्वधार र सिकाई बातावरण शीक्षण सिकाइ प्रक्रिया विद्यालयको शैक्षिक उपलब्धी विभिन्न शैक्षिक गतिविधि विद्यालय परिवारको क्रियाशिलता जस्तालाई आधार मानिनेछ।

ग) विभागले नमुना विद्यालय छनौटका लागि दफा ८(९) ख का आधारमा बिस्तृत गर्न र थप आधार निर्धारण गर्न सक्नेछन्।

घ) नमुना विद्यालयले आफ्नो विद्यालयमा शिक्षकहरूको सिकाई केन्द्रका रूपमा विकास गर्न थप पहल गर्नुपर्नेछ।

**(१०) विद्यार्थी लक्षित कार्यक्रमको आयोजना**

विषयगत विभागले विद्यार्थीको सहभागितामा वर्षको एक पटक वा आवश्यकताअनुसार विद्यालय र नगरपालिका स्तरमा तल उल्लेख भएअनुसारका विषय सुहाँउदा विविध प्रकृतिका प्रतियोगिता, मेला र जनचेतना विकासका कार्यक्रम आयोजना गराउनेछन्।

क) भाषा विषयमा हस्तलेखन, कविता कथा निबन्ध, वक्तृत्व, भित्तेपत्रिका लेखन प्रतियोगिता।

ख) विज्ञान तथा वातवरण विषयमा हाता सरसफाई, टोल सफाई र जनचेतना विकास वृक्षारोपण करेसाबारी गमला र कौसी खेति हरित विद्यालय निर्माण र प्रविधि मेलाका कार्यक्रम।

ग) सामाजिक अध्ययनमा सामाजिक आवश्यकताका विषयमा अभिभावक सचेतनाका कार्यक्रम विभिन्न दिवस र चाड पर्व बिशेषका कार्यक्रम प्रकोप तथा विपद्मा राहत उद्धारमा सहभागिता।

घ) गणित विषयमा गणित सिक्ने सिकाउने समाग्री मेला गणित फिल्ड वर्क।

ङ) अतिरिक्त कृयाकलापमा चित्रकला हस्त कला नृत्य गायन बाध्यबादन अभिनय खेलकुद हाजिरिजवाफ प्रतियोगिता।

च) बालबिकास विभागमा नमुना बालबालिका कक्षा प्रदर्शनी।

**९. प्रतिवेदन प्रस्तुतिः** हरेक विषयगत विभागले बर्ष भरि गरेका विभिन्न गतिविधि समेटेर बार्षिक प्रतिवेदन तयार गरी विभाग समन्वय समितिमा पेश गर्नुपर्नेछ।

**१०. विभाग समन्वय समिति**

**(१) नगरपालिकाले विषयगत विभागले क्रियाशिल गराउन र तिनको कामको अनुगमन गर्न निम्न अनुसार सात सदस्य भएको विभाग समन्वय समिति गठन गर्नेछ।**

क) शिक्षा तथा खेलकुद महाशाखा प्रमुखः संयोजक

ख) विभागमा आबद्ध माध्यमिक शिक्षक दुई जनाःसदस्य

ग) विभागमा आबद्ध आधारभुत तहको शिक्षक एक जनाः सदस्य

घ) विभागमा आबद्ध संस्थागत विद्यालयको शिक्षक एक जनाः सदस्य

ङ) शिक्षा क्षेत्रमा विज्ञता भएका व्यक्ति एक जनाः सदस्य

छ) शिक्षा तथा खेलकुद महाशाखाको एकजना अधिकृत : सदस्य- सचिव

**(२) विभाग समन्वय समितिका काम**

क) विषयगत विभागलाई दफा ८ का काम र जिम्मेवारीका लागि उत्प्रेरित क्रियाशिल गराउने।

ख) विषयगत विभाग र नमुना विद्यालय र विद्यालयमा गठन भएका विषय समितिका कामको अनुगमन गर्ने ।

ग) विषयगत विभागका प्राप्त हुन आएका प्रतिबेदन माथि छलफल गरेर आवश्यक निर्णय लिने ।

घ) नगरपालिकाले शिक्षा र खेलकुदका विषयमा नीति नियम र योजना बनाउन आयोजना गर्ने बेला बैठक आदिमा विभाग समितिका तर्फबाट शिक्षक प्रतिनिधी सहभागि गराउने ।

ङ) नगरपालिका क्षेत्रको विषयगत शैक्षिक उपलब्धि तोकिदिने  विद्यालयहरूले तोकिएको शैक्षिक उपलब्धि प्राप्तिका लागि आफ्ना शैक्षिक गतिविधी केन्द्रित गर्नेछ ।

च) आवश्यकका आधारमा कार्यबिधी संसोधन परिमार्जनका लागि सहजिकरण गर्ने ।

**११. शिक्षा तथा खेलकुद महाशाखाको भूमिका र जिम्मेवारी**

क) निश्चित आधारमा सदस्यहरू छनौट गरेर विषयगत विभाग गठन गर्ने ।

ख) विभागहरूलाई आवश्यक गतिबिधिका लागि बजेटको व्यवस्था गर्ने ।

ग) विभागले छनौट गरेका बर्ष शिक्षकहरूलाई आदर्श शिक्षक, उत्कृष्ट शिक्षक र दक्ष शिक्षक घोषणा गरेर पुरष्कृत र सम्मान गर्ने ।

घ) विषयगत विभागको कार्यसम्पादनका नतिजाका आधारमा विभागको स्तर निर्धारण र उत्कृष्ट विभाग घोषणा गरी पुरस्कृत गर्ने ।

**१२. बाधा अडकाउ फुकाउ :** विषयगत विभागको कार्यसञ्चालनमा आइपर्ने बाधा अड्काउ फुकाउका लागि महाशाखाले आवश्यक पहल गर्नेछ ।

प्रमाणिकरण मिति : २०८१।०५।१६

आज्ञाले,
तुल्सीराम अर्याल
**प्रमुख प्रशासकीय अधिकृत**